# लेखक परिचय

**टीकाराम राई** *काडमाण्डु टुडे* साप्ताहिकका सम्पादक हुन् । नेपाल प्रहरी तथा सार्वजनिक सुरक्षा सम्बन्धमा उनका लेख पत्रपत्रिकामा प्रकाशित छन् । उनी नेपाल वातावरण पत्रकार समूहमा पनि आबद्ध छन् ।

**दीपक प्रकाश भट्ट** दिल्लीस्थित जवाहरलाल नेहरू विश्वविद्यालयबाट विद्यावारिधि गर्दै छन् । सैन्य सवाल एवं समसामयिक नेपाली राजनीतिमा नेपाल र भारतबाट निस्कने पत्रपत्रिकामा उनका लेखहरू प्रकाशित छन् । अन्तर्राष्ट्रिय मामिला, सेना-नागरिक सम्बन्ध र सुरक्षा क्षेत्रमा उनको रुचि छ ।

**प्रत्यूष वन्त** मार्टिन चौतारीमा आबद्ध अनुसन्धानकर्ता हुन् । उनको सम्पादन, सह-सम्पादनमा नेपाली मिडिया र अन्य विधासँग सम्बन्धित विभिन्न पुस्तक प्रकाशित छन् । *मास मिडिया इन पोस्ट-१९९० नेपाल* (सन् २००६) का लेखक वन्त *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* र *मिडिया अध्ययन* जर्नलका पनि सम्पादक हुन् ।

**भीमप्रसाद भुर्तेल** राजनीतिक, आर्थिक र सामाजिक विश्लेषकको रूपमा चिनिन्छन् । राजनीतिक दलहरूमा समावेशीकरण, सुधार र पुनर्संरचना विषयमा

उनका विभिन्न लेख रचना प्रकाशित छन् । यस्ता विषयको स्वतन्त्र परामर्शदाताको रूपमा काम गर्दै आएका भुर्तेल विभिन्न पत्रपत्रिकाका टिप्पणीकारका रूपमा पनि चिनिन्छन् । हाल उनी नेपाल साउथ एसिया सेन्टरको कार्यकारी निर्देशक हुन् ।

**हिक्मत विश्वकर्मा** २०५२ सालदेखि निजामती सेवामा संलग्न छन् । हाल उनी पुनरावेदन अदालत पाटन शाखामा अधिकृत हुन् । दलित अधिकारमा कार्यरत जनउत्थान प्रतिष्ठानसँग समेत आबद्ध विश्वकर्माले *सार्वजनिक प्रशासनका सैद्धान्तिक एवं व्यावहारिक पक्षहरू* नामक पुस्तक सम्पादन गरेका छन् । दलित सवालमा विभिन्न पत्रपत्रिकामा उनका लेखहरू प्रकाशित छन् ।